# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं।

मितिः २०८२।०३।०८ गते।

## प्रेस विज्ञप्ति

**बिषयः- पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा. मिलन कुमार थापा, तत्कालीन सदस्य सचिव एवं हाल परिषद् सदस्य राजुकुमार खत्री, तत्कालीन कार्यकारी निर्देशक डा. घनश्याम खतिवडासमेत १४ जना र दुई कम्पनी उपर पशुपति क्षेत्र विकास कोष/सार्वजनिक संस्थाको सम्पत्ति हिनामिना/हानीनोक्सानी गरी गराई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।**

पशुपति क्षेत्र विकास कोषले मिति २०८०।०३।०५ मा प्रकाशित सुचना अनुसार Contract No. PADT/NCB/GOODS/2079-080/T4 अनुरुपको कार्यको लागि आव्हान गरिएको बोलपत्रको मूल्यांकनमा प्रतिस्पर्धा सिमित गराएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा.मिलन कुमार थापासमेतका प्रतिवादीहरुको आपसी मिलोमतो तथा योजनामा आफूहरुलाई लाभ र पशुपति क्षेत्र विकास कोष/सार्वजनिक संस्थालाई हानि नोक्सानी पुऱ्याउने वद्नियतले कोषमा भएका पूर्व अनुभव र कागजातहरुको प्रयोग समेत नगरी पशुपति क्षेत्र विकास कोषको लागि Fixing of New Cremation Machine को लागि Conceptual plan (2D and 3D), Architectural design and drawings and estimate and Specification सहितको प्रतिवेदन दिने कार्य गराउन सोझै खरिद सम्बन्धी व्यवस्था अन्तर्गत रही ३ (तिन) वटा कम्पनीबाट दररेट माग गरी Apple Engineering Professional Consultancy Pvt. Ltd.लाई कायदिश दिइ परामर्श सेवा खरिद गरि मिलेमतोमा सम्बन्धित कार्यमा अनुभव नै नभएको परामर्शदाताबाट फर्जी कोटेशन तयार गरी गराई सोही फर्जी कागजात प्रयोग/संलग्न गरी गराई बढी लागत अनुमान र Technical Specification समेत आफू अनुकूलको कम्पनीलाई मात्र मिल्ने गरी तयार गरी गराई कार्यसूची (ToR) अनुसारका प्राविधिक विज्ञ समेतलाई अध्ययनमा संलग्न नगरी नगराई नक्कली विज्ञ खडा गरी गराई तथ्य तथ्यांक समेत विश्लेषण नगरी पेश गरे गराएको अपूर्ण र गलत प्रतिवेदन स्वीकार गरी परामर्शदाताबाट विलविजक जारी हुनुपूर्व नै भुक्तानी समेत स्वीकृत गरी राज्यको सम्पत्ति हानी नोक्सानी गरे गराएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को खण्ड (ख) विपरित सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) ले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (Standard Bidding Document) मा सारभूत रुपमा फरक पर्ने गरी तोकिएको अनुभव सम्बन्धी मापदण्ड विपरित आवश्यकता भन्दा बढी अनुभवको मापदण्ड राखी राख्न लगाई प्रतिस्पर्धालाई सीमित गरी गराई खरिद प्रक्रियामा सहभागी हुने समान अवसरलाई वञ्चित गरी गराई Map Entrepreneurs Pvt. Ltd. लाई मात्र ठेक्का प्रक्रियामा सहभागी गराउने दुराशय राखी योग्यता निर्धारण सम्वन्धी प्रावधान/मापदण्ड राखी बोलपत्र आव्हान गरे गराएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र नियम ११ मा उल्लेख गरेका प्रावधान र आधार विपरीत भा.रु ३२ लाख ५० हजार पर्ने शवदाह मेशीनलाई ने.रु. १ करोड ५२ लाख पर्ने देखाई एवं प्रचलित कानूनले दिएको छुट समेत लागत अनुमानमा जोडेर अस्वभाविक रुपले बढी लागत अनुमान तयार गरे गराईएको, जडान गर्ने स्थान समेत

यकिन नगरी साथै जडान गर्ने स्थानको व्यवस्थापन समेत नगरी ठेक्का प्रक्रिया अगाडी बढाइ, सारभूत रुपमा फरक पर्ने गरी उल्लेख्य मात्रामा बोलपत्रमा प्राविधिक विवरणहरु संशोधन गरी गराई विना कारण सो संशोधन रद्द गरी सोमा जालझेल गरी, सम्बन्धित कार्यमा अनुभव नै नभएको Map Entrepreneurs Pvt. Ltd. लाई बोलपत्रमा माग भएको समान प्रकृतिको कार्य गरेको अनुभव सम्बन्धी कागजात समेत पेश नगरी अन्य कार्यको अनुभव पेश भएकोमा समेत सोलाई समान प्रकृतिको कार्यानुभवमा मूल्यांकन गरी गराई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ का आधारहरुलाई पालना नगरी नगराई सारभूतरुपमा प्रभावग्राही नरहेको बोलपत्र समेत स्वीकृत गरी गराई ठेक्का लगाई रु. १,८२,००,०००।०० (अक्षेरुपी एक करोड बयासी लाख मात्र) पेश्की भुक्तानी (Advance Payment) समेत गरी/गराई, सम्झौता भन्दा बढी र असम्बन्धित व्यक्तिहरुलाई विदेश भ्रमण समेत पठाइ, मेशीनको विस्तृत रुपमा चेकजाँच नगरी नगराई, कैफियत देखिदा समेत जडान भएको मेशीन सम्झौता बमोजिमको नै रहेको भनि ठेक्का सम्झौताको म्याद समाप्त भएको र कार्यसम्पन्न समेत नभएको अवस्थामा प्रथम बिल रकम भुक्तानी समेत स्वीकृत गरी गराई, कम गुणस्तरको मेशीन समेत स्वीकार गरी गराई, ठेक्का बमोजिमको कार्य सम्पन्न नगरी नगराइ ठेक्का अलपत्र पारेर ठेक्का सम्झौताको म्याद तथा पेश्की जमानतको (APG) म्याद समाप्त भैसकेको अवस्थालाई समेत नजरअन्दाज गरी सो सम्बन्धमा कुनै कानुनी कारवाही नगरी/नगराई जडान भएका २ थान शवदाह मेशीनमा पटक पटक समस्या आई न्यून गुणस्तरको मेशिन जडान भएको स्पष्ट भई उद्देश्य बमोजिम संचालनमा नआउदासम्म पनि कानुनी कारवाहीको प्रक्रिया अगाडी नबढाई ठेक्का प्रक्रियालाई अलपत्र बनाएर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार ठेक्का सम्झौता अन्त्य तथा सोही ऐनको दफा ५२क र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (६) बमोजिम पेश्की समेत फछ्र्यौट नगरी/नगराई पेश्की जमानत (APG) जफतको प्रक्रियामा प्रवेशनै नगरी नगराई उक्त पेश्की रकम बैक ग्यारेण्टी मार्फत असुल उपर हुन नसक्ने अवस्थासमेत सृजना गरी समयमानै मर्मत संभार समेत नगरी नगराइ हाल संचालनमा समेत नरहेको देखिन आएकोबाट प्रतिवादीहरुको आपसी मिलोमतो र संलग्नतामा तल तालिका नं. १ मा प्रस्तुत गरिए बमोजिमको कार्यकसूर गरी गराई सार्वजनिक संस्था/पशुपति क्षेत्र विकास कोषलाई ठेक्का सम्झौता रकम रु.१०,३३,९१,०३०।३१ (अक्षेरुपी दश करोड तेत्तिस लाख एकानब्बे हजार तिस रुपैया एकतिस पैसा मात्र) हिनामिना हानिनोक्सानी दुरुपयोग गरे गराएको प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएको हुँदा उल्लिखित कसुरजन्य कार्यमा संलग्न प्रतिवादीहरू उपर देहाय बमोजिमको सजाय हुन मागवादी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

## तालिका नं.१

## प्रतिवादीहरुले गरेका कार्यकसूरहरुको क्रमागत विवरणहरु

सम्बन्धित कार्यको अनुभव तथा संलग्न हुने विज्ञको जानकारी नै नलिई अनुभवनै नभएको परामर्शदातालाई सोझै खरिद मार्फत नियुक्त गरे गराएको।

ठेकेदार समेतको मिलेमतोमा फर्जी कोटेसन तयार गरी नक्कली विज्ञ खडा गरी अश्वभाविक बढी लागत राखी परामर्शदाताबाट गलत प्रतिवेदन पेश भएको।

परामर्शदाताबाट विलविजक जारी गर्नुपूर्व नै भुक्तानी स्वीकृत भएको।

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको SBD मा उल्लेख भए भन्दा बढी अनुभव माग गरी बोलपत्र सम्बन्धी कागजात तयार गरे गराएको ।

सारभूत रुपमा फरक पर्ने गरी बोलपत्रमा संशोधन र बिना आधार कारण सो संशोधन रद्ध गरी जालझेल गरे गराएको।

माग गरीए अनुसारको अनुभवनै पेश नगरेको बोलपत्रदातालाई मूल्यांकनमा सारभूतरुपमा प्रभावग्राही देखाई ठेक्का सम्झौता गरे गराएको।

असम्बन्धित व्यक्तीहरुलाई खरिद सम्झौताको प्रतिकुल हुने गरी फ्याक्ट्रि अवलोकनमा पठाई रकम समेत दुरुपयोग गरे गराएको।

जडान भएका मेशीनको सुक्ष्म रुपमा चेकजाँच नगरी नगराई सोमा कैफियत देखिदा समेत भुक्तानी स्वीकृत गरे गराएको।

ठेक्का सम्झौताको म्याद समाप्त भएको तर सम्झौता अनुसारको कार्य सम्पन्न नभएको र सो को म्याद थपको लागि निवेदन पेश नहुँदा समेत प्रथम रनिङ बिल स्वीकृत गरे गराएको।

ठेक्का सम्झौताको म्याद समाप्त भएको तर सम्झौता अनुसारको कार्य सम्पन्न नभएको र सो को म्याद थपको लागि निवेदन समेत पेश नभएको अवस्थामा पेश्की जमानत (APG) को म्याद गुजारी हानिनोक्सानी गरे गराएको।

कम गुणस्तरको मेशीन जडान गरी गराई, रु.१,८२,००,०००।- रकम पेश्की बापत जमानत (APG) को म्याद समेत गुजारी कानुन अनुसार कुनै पनि कारवाही नगरी नगराई हानिनोक्सानी गरे गराएको।

कम गुणस्तरको मेशीन जडान गरी समयमा नै मर्मत समेत नगरी नगराई हाल सञ्चालनमा समेत नरहने अवस्थामा पुऱ्याएकोसमेत देखिएकोले प्रतिवादीहरुको कार्य कसुरबाट पशुपति क्षेत्र बिकास कोषको जम्मा रु.१०,३३,९१,०३०।३१ हिनामिना/हानिनोक्सानी गरे गराएको पुष्टि भएको।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका सदस्य सचिव **डा. मिलन कुमार थापा** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन मागदाबी लिइएको छ।<br>साथै पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव रहेकोले निज डा. मिलन कुमार थापाले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित कसुर गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिइएको छ। |
| २. | पशपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका तत्कालीन निमित्त सदस्यसचिव **राजु कुमार खत्री** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको बिगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन मागदाबी लिइएको छ।<br>साथै पशुपति क्षेत्र विकास कोषका निमित्त सदस्य सचिव रही निज राजु कुमार खत्रीले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित कसुर गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिइएको छ। |
| ३. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौंका तत्कालीन कार्यकारी निर्देशक **घनश्याम खतिवडा** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन एवं गलत प्रतिवेदन पेश गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | | | २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ।<br>निज पशुपति क्षेत्र विकास कोष आर्थिक प्रशासन (दोस्रो संशोधन) नियमावली, २०४५ को दफा २ को २.२९ बमोजिम अधिकृत स्तर विशिष्ट श्रेणीको हैसियतमा कार्यरत रहेको देखिएको निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित कसुर गरेको देखिंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिइएको छ। |
| ४. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका तत्कालीन नि. उप-निर्देशक हालका उप-निर्देशक **रेवती रमण अधिकारी** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- प्रतिवादीवाट असूल उपर हुन एवं गलत प्रतिवेदन पेश गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ५. | पशुपति क्षेत्र विकास कोष, काठमाडौंका तत्कालीन नि. उप-निर्देशक **सिताराम रिसेल** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका इन्जिनियर **पशुपति ठाकुर** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन एवं गलत प्रतिवेदन पेश गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | | | २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका इन्जिनियर **डेनिस उप्रेती** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका इन्जिनियर **रमेश पुरी** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन मागदाबी लिइएको छ। |
| ९. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन काठमाडौंका लेखा अधिकृत **चन्द्र प्रसाद खनाल** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- असूल उपर हुन एवं गलत प्रतिवेदन पेश गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १०. | इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पस, इलेक्ट्रिकल विभाग प्रमुख, उप-प्राध्यापक **युवराज अधिकारी** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो (अक्षरेपी दश करोड तेत्तीस लाख एकानब्बे हजार तीस रुपैसा एकतीस कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय |

| | | | |
|---|---|---|---|
| | | | (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- मुख्य कसूरदारहरुवाट असूल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |
| ११. | पशुपति क्षेत्र विकास कोष, देवपत्तन, काठमाडौंका कानुनी सल्लाहकार तथा मुल्याङकन समिति सदस्य **लैन बहादुर थापा** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको देखिएको बिगो रु.१,८२,००,०००।- मुख्य कसूरदारहरुवाट असूल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको र गलत प्रतिवेदन पेश गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| १२. | Map Entrepreneurs Pvt. Ltd. काठमाडौं तथा संचालक **मनोज पुरी र यदुनन्दन भट्टराई** | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको देखिएको बिगो रु.१,८२,००,०००।- असुल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदावी लिइएको छ। |
| १३. | Apple Engineering Professional | रु.१०,३३,९१,०३०।३१ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य |

| | | | |
|---|---|---|---|
| | Consultancy pvt.ltd.र सो का प्रबन्ध निर्देशक **सुरज चापागाईं** | | कार्यको नगद तथा अन्य प्रकृतिको गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिम कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) वमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम कायम भएको विगोमध्ये खर्च भएको बिगो रु.१,८२,००,०००।- मुख्य कसूरदारहरुवाट असूल उपर हुने सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन र गलत एवं झुट्टा प्रतिवेदन पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको हुँदा निज सुरज चापागाईंलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल